दक्षिणकाली नगरपालिका

# दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको कार्यालय

दक्षिणकाली, काठमाडौं, बागमती प्रदेश, नेपाल



प.सं:- ०८१/०८२ मितिः-२०८१/०४/२७

च.नं:- 30

**दोपाया चौपाया खुईल्याउने, दुई पाङ्ग्रे, चार पाङ्ग्रे सवारी साधनहरुको पार्किङ र पिकनिक सेडहरुको शुल्क उठाउने सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सुचना**

दोस्रो पटक प्रकाशित मितिः-२०८१/०४/२७

यस दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको आ.व. २०८१/०८२ र ०८२/०८३ (दुई आ.व.) को लागि सिलबन्दी बोलपत्रको माध्यमबाट निम्नानुसारको शुल्क उठाउने सम्बन्धी कार्यको लागि ठेक्का आव्हान गरिएको हुदाँ ठेक्का लिन इच्छुक फर्म वा कम्पनीले यो सुचना प्रकाशित मितिले १५ दिन भित्र कार्यालय समयमा सम्पर्क गर्नुहुन सुचित गरिएको छ। विस्तृत विवरण यस कार्यालयको वेवसाइट **www.dakshinkalitemple.org** तथा दक्षिणकाली नगरपालिकाको वेवसाईट **www.dakshinkalimun.gov.np** बाट प्राप्त गर्न सकिनेछ।

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र फारम दस्तुर रु. | एक आ.व. को न्युनतम दर-रेट (मु.अ.कर बाहेक) | ५% जमानत रकम (मु.अ.कर सहित) |
|---|---|---|---|---|---|
| १. | १/०८१/०८२ | दोपाया चौपाया खुईल्याई शुल्क उठाउने | रु.३,०००/- | रु.६०,९७,३२०/- | रु.३,४४,४९९/- |
| २. | २/०८१/०८२ | चार पाङ्ग्रे सवारी साधनको पार्किङ शुल्क उठाउने | रु.३,०००/- | रु.४०,२०,०००/- | रु.२,२७,१३०/- |
| ३. | ३/०८१/०८२ | दुई पाङ्ग्रे सवारी साधनको पार्किङ शुल्क उठाउने | रु.३,०००/- | रु.२२,८१,१९९/- | रु.१,२८,८८८/- |
| ४. | ४/०८१/०८२ | पिकनिक सेडहरुको शुल्क उठाउने | रु.३,०००/- | रु.२६,४०,०००/- | रु.१,४९,१६०/- |

.............................

पेशल कुमार पोखरेल

कार्यकारी अधिकृत

फोन नं.: ०१- ४७१०६१८, इमेलः dakshinkalicbs@gmail.com

'श्री दक्षिणकाली माताले हामी सबैको कल्याण गरुन् ।'

दक्षिणकाली नगरपालिका

# दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको कार्यालय

दक्षिणकाली, काठमाडौं।

## दोपाया चौपाया खुइल्याउने (सफा गर्ने) सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

## दोस्रो पटक प्रकाशित मिति २०८१/०४/२७

यस दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिबाट आ.व. २०८१/०८२ र २०८२/०८३ (दुई आ.व.) का लागी २०८१/०२/३१ गतेको निर्णय बमोजिम दोपाया चौपाया खुइल्याई लादी सफा गरी चार फिला छुटयाउने गरी टुक्रा गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्नु परेकोले बोलपत्र दाताको फर्म दर्ता/नविकरण भएको दर्ता प्रमाण-पत्र, कारबाही वा कालो सुचीमा नपरेको स्वघोषणा, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि तथा आ.व. २०७९/०८० सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गरि ईच्छुक फर्म वा कम्पनिहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र रित पूर्वक सिलबन्दी बोलपत्र दर्ता गराउनु हुनका लागी यो सुचना प्रकाशित गरिएको छ।

तपसिलः-

क) न्यूनतम वार्षिक रकमः

| सि.नं. | कार्य विवरण | न्यूनतम वार्षिक रकम (मु.अ.कर बाहेक) | अक्षेरुपी (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | दोपाया चौपाया खुइल्याई सफा गर्ने कार्यको ठेक्का। | रु.६०,९७,३२०/- | छाठी लाख सन्तानब्बे हजार तिन सय बिस रुपैयाँ मात्र। | |

ख) दर-रेटः-

| सि.नं. | कार्य विवरण | दर रेट रु. (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|
| १ | बोका, थुमा खुइल्याई लादी सफा गरी चार फिला छुटयाउने गरी टुक्रा गर्ने कार्य। | रु.८२५/- प्रति गोटा | सानो टुक्रा गरेको छुट्टै शुल्क लाग्नेछ। |
| २ | हाँस, कुखुरा खुइल्याई सफा गर्ने कार्य। | रु.११०/- प्रति गोटा | |

..............................

पेशल कुमार पोखरेल

कार्यकारी अधिकृत

दक्षिणकाली नगरपालिका

## दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको कार्यालय

दक्षिणकाली, काठमाडौं।

### चार पाङ्ग्रे सवारी साधनको पार्किङ शुल्क उठाउने सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

### दोस्रो पटक प्रकाशित मिति २०८१/०४/२७

यस दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिबाट आ.व. २०८१/०८२ र २०८२/०८३ (दुई आ.व.) का लागी २०८१/०२/३१ गतेको निर्णय बमोजिम चारपाङ्ग्रे सवारी साधनको पार्किङ शुल्क उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्नु परेकोले बोलपत्रदाताको फर्म दर्ता/नविकरण भएको दर्ता प्रमाण-पत्र, कारबाही वा कालो सुचीमा नपरेको स्वघोषणा, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि तथा आ.व. २०७९/०८० सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गरि ईच्छुक फर्म वा कम्पनिहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र रित पूर्वक सिलबन्दी बोलपत्र दर्ता गराउनु हुनका लागी यो सुचना प्रकाशित गरिएको छ।

तपसिलः-

क) न्यूनतम वार्षिक रकमः

| सि.नं. | कार्य विवरण | न्यूनतम वार्षिक रकम (मु.अ.कर बाहेक) | अक्षेरुपी (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | चार पाङ्ग्रे सवारी साधनको पार्किङ शुल्क उठाउने कार्यको ठेक्का। | ४०,२०,०००/- | चालिस लाख बिस हजार रुपैयाँ मात्र। | |

ख) दर रेटः-

| सि.नं. | कार्य विवरण | दर रेट रु. (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|
| १ | कार/ट्याक्सीको पार्किङ शुल्क उठाउने कार्य। | प्रति गोटा रु.५०/- | पटके मात्र समय घण्टा तोकि शुल्क लिन नपाउने। |
| २ | जिप /भ्यान पार्किङ शुल्क उठाउने कार्य। | प्रति गोटा रु.६०/- | |
| ३ | माइक्रोको पार्किङ शुल्क उठाउने कार्य। | प्रति गोटा रु.९०/ | |
| ४ | बस/ट्रिपरको पार्किङ शुल्क उठाउने कार्य। | प्रति गोटा रु.११०/ | |

..............................

पेशल कुमार पोखरेल

कार्यकारी अधिकृत

दक्षिणकाली नगरपालिका

## दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको कार्यालय

दक्षिणकाली, काठमाडौं।

### दुई पाङ्ग्रे सवारी साधनको पार्किङ शुल्क उठाउने सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

### दोस्रो पटक प्रकाशित मिति २०८१/०४/२७

यस दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिबाट आ.व. २०८१/०८२ र २०८२/०८३ (दुई आ.व.) का लागी २०८१/०२/३१ गतेको निर्णय बमोजिम दुई पाङ्ग्रे सवारी साधनको पार्किङ शुल्क उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्नु परेकोले बोलपत्रदाताको फर्म दर्ता/नविकरण भएको दर्ता प्रमाण-पत्र, कारबाही वा कालो सुचीमा नपरेको स्वघोषणा, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि तथा आ.व. २०७९/०८० सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गरि ईच्छुक फर्म वा कम्पनिहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र रित पूर्वक सिलबन्दी बोलपत्र दर्ता गराउनु हुनका लागी यो सुचना प्रकाशित गरिएको छ।

तपसिलः-

क) न्यूनतम वार्षिक रकमः

| सि.नं. | कार्य विवरण | न्यूनतम वार्षिक रकम (मु.अ.कर बाहेक) | अक्षेरुपी | कैफियत |
|---|---|---|---|---|
| १. | दुई पाङ्ग्रे सवारी साधनको पार्किङ शुल्क उठाउने कार्यको ठेक्का। | रु.२२,८१,१९९/- | बाईस लाख एकासी हजार एक सय उनान्सय रुपैयाँ मात्र। | |

ख) दर रेटः-

| सि.नं. | कार्य विवरण | दर रेट (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|
| १. | मोटरसाईकल/स्कुटरको पार्किङ शुल्क उठाउने कार्य। | प्रति गोटा रु.२५/- | पटके मात्र समय घण्टा तोकि शुल्क लिन नपाउने। |

.............................

पेशल कुमार पोखरेल

कार्यकारी अधिकृत

दक्षिणकाली नगरपालिका
दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको कार्यालय
दक्षिणकाली, काठमाडौं
२०७५

दक्षिणकाली नगरपालिका

# दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समिति

दक्षिणकाली, काठमाडौं।

## पिकनिक सेडको शुल्क उठाउने ठेक्का सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

## दोस्रो पटक प्रकाशित मिति २०८१/०४/२७

यस दक्षिणकाली धार्मिक तथा सांस्कृतिक धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिबाट आ.व. २०८१/०८२ र ०८२/०८३ (दुई आ.व.) का लागी २०८१/०२/३१ गतेको निर्णय बमोजिम पिकनिक सेडको शुल्क उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्नु परेकोले बोलपत्रदाताको फर्म दर्ता/नविकरण भएको दर्ता प्रमाण-पत्र, कारबाही वा कालो सुचीमा नपरेको स्वघोषणा, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि तथा आ.व. २०७९/०८० सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गरि ईच्छुक फर्म वा कम्पनिहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र रित पूर्वक सिलबन्दी बोलपत्र दर्ता गराउनु हुनका लागी यो सुचना प्रकाशित गरिएको छ।

तपसिलः-

क) न्यूनतम वार्षिक रकमः-

| क्र.सं | कार्य विवरण | न्यूनतम वार्षिक रकम (मु.अ.कर बाहेक) | अक्षेरुपी | कैफियत |
|---|---|---|---|---|
| १ | पिकनिक सेडको शुल्क उठाउने कार्यको ठेक्का | रु.२६,४०,०००/- | छब्बिस लाख चालिस हजार रुपैयाँ मात्र। | |

ख) दर रेटः-

| क्र.सं | कार्य विवरण | दैनिक भाडा दर (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|
| १ | पिकनिक सेड नं.१ | रु.३३००/- | |
| २ | पिकनिक सेड नं.२ | रु.१६५०/- | |
| ३ | पिकनिक सेड नं.३ | रु.१६५०/- | |
| ४ | पिकनिक सेड नं.४ | रु.३३००/- | |
| ५ | पिकनिक सेड नं.५,६,७ | रु.४९५०/- | |
| ६ | पिकनिक सेड नं.८ | रु.१६५०/- | |
| ७ | पिकनिक सेड नं.९ | रु.१६५०/- | |
| ८ | पिकनिक सेड नं.१० | रु.१६५०/- | |
| ९ | पिकनिक सेड नं.११ | रु.१६५०/- | |
| १० | पिकनिक सेड नं.१२ | रु.१६५०/- | |

| | | | |
|---|---|---|---|
| ११ | पिकनिक सेड नं.१३ | रु.१६५०/- | |
| १२ | पिकनिक सेड नं.१४ | रु.१६५०/- | |
| १३ | पिकनिक सेड नं.१५ | रु.१६५०/- | |
| १४ | पिकनिक सेड नं.१६ | रु.१६५०/- | |
| १५ | पिकनिक सेड नं.१७ | रु.१६५०/- | |
| १६ | पिकनिक सेड नं.१८ | रु.१६५०/- | |
| १७ | पिकनिक सेड नं.१९ | रु.१६५०/- | |
| १८ | पिकनिक सेड नं.२१ | रु.२७५०/- | |
| १९ | पिकनिक सेड नं.२२ | रु.२७५०/- | |
| २० | पिकनिक सेड नं.२३ | रु.२७५०/- | |
| २१ | पिकनिक सेड नं.२४ | रु.२२००/- | |
| २२ | पिकनिक सेड नं.२५ | रु.२२००/- | |
| २३ | पिकनिक सेड नं.२६ | रु.१६५०/- | |
| २४ | पिकनिक सेड नं.२७ | रु.१६५०/- | |
| २५ | चौर/चौतारा | रु.२५०/- | |
| २६ | हनुमान मन्दिर अगाडीको प्लाजा, मन्दिर पछाडी शिवमुर्ती पछाडीका प्रति प्लाजा। | रु.११००/- | |
| २७ | अन्य चौर चौतारामा क्याटरिङ सहितको टेन्ट राखेमा प्रति स्टल। | रु.११००/- | |
| २८ | अन्य चौर चौतारामा टेन्ट मात्र राखेमा प्रति स्टल। | रु.५५०/- | |

दक्षिणकाली नगरपालिका
दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको कार्यालय
दक्षिणकाली, काठमाडौं
२०७५

..............................
पेशल कुमार पोखरेल
कार्यकारी अधिकृत

दक्षिणकाली नगरपालिका
दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको कार्यालय
दक्षिणकाली, काठमाडौं
२०७५

चार वटै ठेक्काका शर्तहरु:-

१. बोलपत्र खरिद अवधि :- मिति २०८१/०४/२७ गते आईतबार देखि २०८१/०५/०९ गते आईतबार कार्यालय समयभित्र।

२. बोलपत्र बुझाउने मिति :- बोलपत्र खरिद भएको मिति देखि २०८१/०५/११ गते मंगलबार दिनको १२:०० बजेसम्म।

३. बोलपत्र खोलिने मिति र समयः- मिति २०८१/०५/११ गते मंगलबार दिनको १:०० बजे देखि।

४. बोलपत्र खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सोहि समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिने छ। बोलपत्र खरिद तथा पेश गर्न बोलपत्र दाता फर्मको प्रोपाइटर स्वयं उपस्थित हुनुपर्नेछ तर आफै उपस्थित हुन नसक्ने भएमा आधिकारिक दस्तखत फर्मको छाप सहितको अख्तियारनामा दिइ प्रतिनिधि खटाउन सकिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि सिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. बोलपत्र फारम साथ धरौटी वापत कवोल अंकको ५% (पाँच प्रतिशत) हुन आउने रकममा १३% मु.अ.कर थप गरि यस दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको राष्ट्रिय वाणिज्य बैंक, फर्पिङ्गको धरौटी खाता नं १२००१००००१३०२००१ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको बोलपत्र जमानत पेश गर्नुपर्नेछ।

६. बोलपत्र दाताले पेश गर्दा खामलाई सिलबन्दी गरी खामको बाहिर एकातर्फ बोलपत्र पेश गर्ने फर्मको नाम, ठेगाना, सम्पर्क नं र अर्कोतर्फ ठेक्काको नाम तथा यस कार्यालयको नाम (दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समिति) स्पष्टसंग लेख्नु पर्नेछ। साथै बोलपत्र साथ पेश भएका सम्पूर्ण कागजातहरु बोलपत्र दाताद्वारा प्रमाणित हुनुपर्नेछ।

७. आफुले कबोल गरेको रकमको अंक र अक्षरमा फरक परेमा जुन रकम बढी हुन आउछ सोलाई मान्यता दिईनेछ।

८. बोलपत्र दिँदा कुनै प्रकारको शर्त मान्य हुने छैन। साथै यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारम मान्यता दिइने छैन।

९. ठेक्का अवधि ठेक्का स्वीकृत भइ सम्झौता भएको मितिले २०८३ असार मसान्त सम्म रहनेछ र २०८१ श्रावण १ गते पछी जुन मितिमा सम्झौता भए पनि सो सम्झौता भएको मितिबाट २०८२ साल असार मसान्त सम्मलाई एक ठेक्का आर्थिक वर्ष मानिनेछ र २०८१ श्रावण १ गते देखि २०८२ असार मसान्त सम्म एक आ.व.को पुरै ठेक्का रकम यस कार्यालयमा बुझाउनु पर्नेछ। साथै दोश्रो बर्षमा पनि कवोल गरेको पुरै रकम कार्यालयमा बुझाउनु पर्नेछ।

१०. ठेक्का स्वीकृत गरेको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र स्वीकृत कबोल अंकको दुई आ.व.को २५% रकम (मु.अ.कर सहित) यस दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको कार्यालयमा जम्मा गर्नु पर्नेछ वा यस समितिको संचित कोष खाता नं १२००१००००१२९९००१ मा जम्मा गरी कार्यालयमा सक्कल भौचर पेश गर्ने तथा बांकी ७५% रकमको हकमा (मु.अ.कर सहित) यस दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको पक्षमा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको मिति २०८३/०५/०१ सम्म अवधि रहेको बैंक ग्यारेन्टी (कार्य सम्पादन जमानत) पेश गर्नु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुलउपर गरिनेछ। यसरी असुलउपर गर्दा ठेकेदारले कुनै किसिमको हर्जाना दाबी गर्न पाउने छैन।

११. ठेक्का रकम यस दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिले तोकेको अवधिभित्र ४ (चार) किस्तामा बुझाउनु पर्नेछ। किस्ता रकम यस दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको कार्यालयमा जम्मा गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त बैक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछी प्रचलित कानुन बमोजिम फिर्ता गरिनेछ। त्रैमासिक किस्ता रकम तोकिएको समय भित्र नबुझाएमा १०% जरिवाना लाग्नेछ।

१२. आ.व.२०८१/०८२ र ०८२/०८३ को ठेक्का अवधि भित्र समय अभाव वा नेपाल बन्द वा स्थानिय बन्द वा मन्दिर बन्द भएमा पनि ठेक्का कबोल अंकमा कुनै परिवर्तन हुने छैन र कुनै किसिमको छुट दाबी गर्न पाईने छैन।

१३. कारोबार गर्दा बालश्रमिक प्रयोग गर्न तथा वातावरणमा प्रतिकुल असर पार्ने प्रविधि अपनाउन पाइने छैन।

१४. बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सुचना प्राप्त गरि सकेपछी निर्धारित समयभित्र कार्यालयसँग सम्झौता गरिसक्नु पर्नेछ। तोकिएको समयभित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारबाही गरिनेछ।

१५. स्वीकृत बोलपत्रदाताले उठाउने शुल्क/दस्तुर यस क्षेत्र विकास समितिले तोकिएको स्थानबाट नै उठाउनु पर्नेछ र दर-रेट सहित कार्यालयले तोकिएको विवरण भएको साइनबोर्ड सबैले देख्ने गरी राख्नुपर्नेछ। सि.सि क्यामराबाट पनि कामको निगरानी गरिनेछ। साथै माइकिङ्गबाट पनि दर-रेट बारे सु-सुचित गराइने छ।

१६. ठेक्का कबोल गर्ने बोलपत्रदाताले कार्यालयले तोकिएको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु आफ्नो तर्फबाट छपाइ गरी यस कार्यालयमा रेकर्ड राखि,प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। त्यस्तो नगरिएको रसिदबाट शुल्क उठाएको पाइएमा नियमानुसार कारबाही गरिनेछ।

१७. म्याद नाघि वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन। कालोसुचीमा परेको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन।

१८. ठेक्का स्वीकृत बोलपत्रदाताले बन्द हडताल महामारी र दैवीप्रकोप र अन्य कारण देखाई छुट तथा मिनाहा दाबी गरेमा कार्यालयले छुट दिने छैन तर राष्ट्रिय विपदको सम्बन्धमा नेपाल सरकार तथा मन्त्री परिषदबाट छुट दिने निर्णय भई सो निर्णय अनुसार बोलपत्रदाताले सोही आ.व.मा माग गरेमा मात्र छुट दिन सकिनेछ।

१९. प्रचलित कानुन, सम्झौता र सुचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का रद्ध गर्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

२०. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस क्षेत्र विकास समितिमा सुरक्षित रहनेछ।

२१. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको विषयको हकमा प्रचलित कानून तथा ठेक्का स्वीकृती पश्चात दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिमा हुने सम्झौता बमोजिम हुनेछ।

२२. बोलपत्र फाराम बिक्री, दाखिला तथा खोलिने कार्य दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको कार्यालयबाट हुनेछ।

२३. कुनै शर्त राखिएको वा शर्तहरु अपूर्ण भएको शिलबन्दी बोलपत्र फारामलाई मान्यता दिईने छैन।

२४. यस कार्यालयले दिएको निर्देशन पालना गर्नु सम्बन्धित बोलपत्र दाताको कर्तव्य हुनेछ।

२५. बोलपत्रदाताले तपसिलमा उल्लेख गरेको न्युनतम वार्षिक रकम भन्दा कम कबोल गरेमा मान्यता दिईने छैन।

२६.सूचना सम्बन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेबसाइट www.dakshinkalitemple.org र दक्षिणकाली नगरपालिकाको वेबसाईट www.dakshinkalimun.gov.np मा हेर्न सकिनेछ। थप कुरा बुझ्न परेको खण्डमा यस कार्यालयको सम्पर्क नं. ०१-४७१०६१८, ०१-४७१००१५ मा कार्यालय समय भित्र जानकारी लिन सकिनेछ।

.................................

पेशल कुमार पोखरेल

कार्यकारी अधिकृत